**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०५ अक्तूबर २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदी तथा स्विजरल्याण्डका राष्ट्रपति गाय पार्मेलिनले आज नयाँ दिल्लीमा गर्नेछन् वार्ता।

- विदेशमन्त्री डा. एस. जयशंकरले भारतको सुरक्षा र क्षेत्रीय अखण्डतालाई खतरामा पर्दा रुसले धैरै तरिकाले मदद अनि समर्थन गरेको भनि गरे उल्लेख।

- केन्द्रीय बन्दरगाह, मालढुवानी, यातायात र राजमार्ग अनि जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले आसामको डिब्रुगढबाट पहिलो अन्तर्राष्ट्रिय कार्गो जहाजलाई आज झण्डा देखाई गर्ने छन् रवाना।

- युवा तथा खेल मंत्रालयले मेरो युवा भारतबमोजिम देशभरी 150 भन्दा अधिक स्थानहरूमा गर्यो नशामुक्त युवा पदयात्रा, एक लाख भन्दा बढी युवाले गरे सहभागिता।

- रूस र युक्रेनले एक अर्काको प्रमुख पूर्वाधारमाथि हमलाहरू तेज गर्ने दिए धम्की।

- देशका कैयन राज्यहरूमा आज देखि तीन दिन सम्म ठूलो वर्षा हुने मौसम विभागको चेतावनी

**<u>प्रधानमन्त्री-स्विट्जरल्याण्ड राष्ट्रपति वार्ता</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी तथा स्विजरल्याण्डका राष्ट्रपति गाय पार्मेलिनले आज नयाँ दिल्लीमा वार्ता गर्नेछन्। राष्ट्रपति पार्मेलिन तीन दिने भारतको राजकीय भ्रमणमा आउनु भएको छ। उहाँसँगै वरिष्ठ अधिकारीहरू र प्रमुख व्यापारिकहरूको एउटा उच्चस्तरीय प्रतिनिधिमण्डल पनि भारत आएकोछ।

प्रधानमन्त्री श्री मोदी अनि राष्ट्रपति पार्मेलिनले व्यापार र लगानी, विज्ञान, प्रविधि र नवप्रवर्तन, यातायात, संस्कृति र दुवै देश बीचको जन-सम्पर्क लगायत विभिन्न क्षेत्रहरूमा सहयोगबारे भएका कार्य प्रगतिको समीक्षा गर्नेछन्। दुई नेताले बहुपक्षीय मञ्चहरूमा सहयोग सहित क्षेत्रीय र विश्वव्यापी विकास बारेमा पनि कुराकानी गर्नेछन्।

राष्ट्रपति पार्मेलिनले आज साँझ राष्ट्रपति द्रौपदी मुर्मुसित पनि भेट्ने कार्यक्रमछ। विदेशमन्त्री डा. एस. जयशंकरले पनि राष्ट्रपति पार्मेलिन सित भेट्नेछन्।राष्ट्रपति पार्मेलिनले यस वर्षको सुरुमा निजी भ्रमणमा भारत आउनु भएको थियो। तर यो उहाँको पहिलो राजकिय भ्रमण हो।

**<u>जयशंकर-रूस</u>**

विदेशमन्त्री डा. एस. जयशंकरले भारतको सुरक्षा र क्षेत्रीय अखण्डतालाई खतरामा पर्दा रुसले धैरै तरिकाले भारतको मदद अनि समर्थन गरेको बताउनु भएको छ। नयाँ दिल्लीमा ६२ औं म्युनिख सुरक्षा सम्मेलनमा बोल्दै उहाँले भन्नु भयो कि विश्वभरीका धैरै देशहरूले भारतको छिमेकी देशमा रहेको सैन्य शासनलाई समर्थन गर्दा रुससँग भारतको सम्बन्ध धैरै राम्रो थियो। उहाँले थप भन्नु भयो कि यो ऐतिहासिक सम्बन्ध र विरासतले भारत-रूस सम्बन्धमाथि गहिरो प्रभाव पार्दछ।

डा. जयशंकरले आज दुई देशबीचको सम्बन्धको दायरा विस्तार भएको र अहिले आर्थिक साझेदारीको रूप लिएको उल्लेख पनि गर्नु भयो। उहाँले भारत र रुसले सैन्य, आणविक र अन्तरिक्ष सहयोगसँगै महत्वपूर्ण व्यापार र लगानीको साझा अनुभव गरिरहेको पनि उल्लेख गर्नु भयो।

रुस-युक्रेन युद्धलाई दुर्भाग्यपूर्ण बताउँदै विदेशमन्त्रीले भन्नु भयो कि भारतको अडान स्पष्ट छ यस युद्धको अन्त्य हुनु पर्छ। उहाँले

यसका लागि संवाद र कूटनीति आवश्यक रहेको र दुई पक्षबीच वार्ता हुनुपर्छ भनी बताउनु भयो।
डा. जयशंकरले स्वीकार गर्नु भयो कि हालैका महिनाहरूमा भारतले केवल शान्तिको लागि अपील गर्नु भन्दा पनि माथि गएर प्रयासहरू गरेको छ। उहाँले भन्नु भयो कि भारतले रुस र युक्रेन दुवैसँग सम्पर्क गरेको छ र कालो सागरमा जहाजहरूको सुरक्षित आवागमनको मुद्दाबाट सुरु गर्दै समाधान खोज्न मद्दत गर्ने प्रयास गरिरहेको छ।

**सान्शो सोनोवाल - कार्गो जहाज**

केन्द्रीय बन्दरगाह, मालढुवानी, यातायात र राजमार्ग अनि जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले आज आसामको डिब्रुगढबाट पहिलो अन्तर्राष्ट्रिय कार्गो जहाजलाई झण्डा देखाई रवाना गर्नु हुनेछ। आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्मा पनि बिहान ११ बजे बोगीबील टर्मिनलमा आयोजना हुने यस कार्यक्रममा भर्चुअल रूपमा सहभागी हुनुहुनेछ।
यस पहिलो अन्तर्राष्ट्रिय कार्गो जहाजमा, आसाम पेट्रोकेमिकल्स लिमिटेडबाट मिथानोल बंगलादेशको ढाकास्थित पानगाउँ बन्दरगाहमा ढुवानी गरिनेछ। यो कार्गो जहाज राष्ट्रिय जलमार्ग-२ र ब्रह्मपुत्र नदीमा भारत-बंगलादेश प्रोटोकल मार्ग हुँदै यात्रा गर्नेछ।
भारतको स्वतन्त्रता पछि डिब्रुगढबाट विदेशी बन्दरगाहमा कार्गोको यो पहिलो ढुवानी हो। यसलाई आसाममा नदी व्यापारलाई पुनर्जीवित गर्ने र पूर्वोत्तरमा अन्तर्देशीय जलमार्ग सम्पर्कलाई सुदृढ पार्ने दिशामा महत्त्वपूर्ण कदम मानिन्छ।

**नशा मुक्त यात्रा**

युवा कार्यक्रम तथा खेल मंत्रालयको राष्ट्रीय युवा मंच माय भारतको माध्यमले हिजो देशभरी 150 भन्दा अधिक स्थानहरूमा नशामुक्त युवा पदयात्राको आयोजना गरियो। यस पदयात्रामा एक लाख भन्दा बढी युवाहरू अनि आम नागरिकहरूले भाग लिए। माय भारतको अर्थ हो मेरो युवा भारत। विकसित भारतका लागि नशामुक्त युवा अभियान अंतर्गत आयोजित यस पहलको उद्देश्य नशा गर्ने पदार्थहरूको दुष्प्रभावहरू प्रति जागरूकता बढ़ाउनु र स्वस्थ अनि नशामुक्त जीवनशैलीलाई प्रोत्साहित गर्नु हो।

**भारत-कनाडा- सीईपीए**

भारत और कनाडा के बीच प्रस्तावित व्यापक आर्थिक साझेदारी समझौता-सी.ई.पी.ए. के लिए पांचवें दौर की वार्ता आज कनाडा की राजधानी ओटावा में शुरू होगी। दोनों देशों का लक्ष्य वर्ष के अंत तक समझौते को अंतिम रूप देना है। पांच दिन की यह वार्ता 9 अक्टूबर तक जारी रहेगी। इससे पहले चौथे दौर की वार्ता पिछले महीने 18 सितंबर को नई दिल्ली में संपन्न हुई थी।
प्रधानमंत्री नरेंद्र मोदी और कनाडा के प्रधानमंत्री मार्क कार्नी ने मार्च में नई दिल्ली में मुलाकात के दौरान समझौता वार्ता वर्ष के अंत तक पूरी करने का लक्ष्य तय किया था। दोनों नेताओं ने ऊर्जा और महत्वपूर्ण खनिजों के क्षेत्र में द्विपक्षीय सहयोग बढ़ाने पर भी सहमति व्यक्त की थी। दोनों नेताओं ने कहा था कि व्यापक व्यापार समझौता दोनों देशों की साझेदारी को मजबूती देगा और वर्ष 2030 तक द्विपक्षीय व्यापार को चार लाख 65 हजार करोड़ रुपये तक बढ़ाने के साझा लक्ष्य हासिल करने में मदद करेगा।
वर्ष 2024-25 में भारत और कनाडा के बीच वस्तुओं का द्विपक्षीय व्यापार 8 अरब 66 करोड़ डॉलर रहा। इस दौरान कनाडा को भारत का निर्यात 4 अरब 22 करोड़ डॉलर का था।

**बंगलादेश-विश्व बैंक**

विश्व बैंकको सहयोगमा बंगलादेश सरकारले १४ तटीय जिल्लाहरूमा स्थानीय समुदायलाई बाढी र जलवायु परिवर्तनको जोखिमबाट जोगाउन ७५ अर्ब बंगलादेशी रुपैयाँको महत्वाकांक्षी परियोजना सुरु गर्ने भएको छ ।आगामी आर्थिक वर्षदेखि सुरु हुने यो पाँच वर्षे परियोजना पूर्वाधार विकास, बाढी नियन्त्रण, विपद् जोखिम न्यूनीकरण र जीवनस्तर सुधारमा केन्द्रित हुनेछ। बंगलादेश सचिवालयमा स्थानीय सरकार तथा सहकारी मन्त्री डा. अब्दुल मोइन खान र जीन पेस्मेको नेतृत्वमा रहेको विश्व बैंकको नौ सदस्यीय प्रतिनिधिमण्डलबीच भएको बैठकमा यस परियोजनाबारे छलफल भएको थियो।यस परियोजनाले तटीय क्षेत्रहरूमा बढ्दो लवणताको समस्यालाई सम्बोधन गर्न र सफा पानी प्रदान गर्न पानी शुद्धीकरण प्रणालीहरू स्थापना गर्नेछ।

भूगर्भीय पानीमा दबाब कम गर्न सतहको पानीको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। यस परियोजनाले प्रभावित समुदायहरूको जीवनस्तर सुधार गर्ने र नयाँ स्थानीय रोजगारीका अवसरहरू सिर्जना गर्ने लक्ष्य राखेको छ।

**बैडमिंटन-विश्व जूनियर मिक्सड चैंपियनशिप**

भारतीय बैडमिंटन टीमले आज मिस्रको काहिरामा आयोजित बीडब्ल्यूएफ विश्व जूनियर मिक्सड़ टीम चैंपियनशिपमा आफ्नो अभियानको शुरुआत गर्नेछ|यस वर्ष भारतीय टीमको कप्तानी तन्वी पत्रीले गरिरहेकिछिन् जसले हालैमा जुनियर च्याम्पियनसिपको यु–१७ गल्स सिंगल्सको उपाधि ब्याडमिन्टन एसियाले जितेको छ। समूह 'डी' मा भारत पेरु र अल्जेरियासँग छ । भारतले भोलि अल्जेरिया र मंगलबार पेरुसँग खेल्नेछ । मिश्रित टिम इभेन्ट सुहन्दिनाता कपको नामले चिनिन्छ । प्रतियोगितामा ४७ टिमको सहभागिता रहेको छ। यू–१९ प्रतिस्पर्धामा ३ गुणा ५५ रिले स्कोरिंग प्रणाली प्रयोग गरिएको छ जुन सबै नयाँ र आधुनिक स्कोरिंग प्रणाली हो । प्रतियोगिता यसै महिनाको १० तारिखमा कायरोमा समापन हुनेछ । वर्ष गुवाहाटीमा भएको विश्व जुनियर मिक्स टिम च्याम्पियनसिपमा भारतले कांस्य पदक जितेर पहिलो पदक जितेको थियो।मिक्स टिम च्याम्पियनसिपपछि यही महिनाको ११ देखि १७ तारिखसम्म व्यक्तिगत बीडब्लुएफ विश्व जुनियर च्याम्पियनसिप हुनेछ।

***फुटबॉल-आईएफए शील्ड***

डिफेन्डिङ च्याम्पियन मोहन बागानले पञ्जाब एफसीलाई पेनाल्टी सुटआउटमा ४–३ गोलको अन्तरले पराजित गर्दै आइएफए शिल्ड २०२६ फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । १२० मिनेटको खेलपछि दुवै टोलीले कुनै गोल गर्न सकेनन्, त्यसपछि पेनाल्टी सुटआउटमा परिणत भएको थियो । मोहन बगानका लागि राहुल भेके, सुभाशिष बोस, अल्बर्टो रोड्रिगेज र मिगुएल फिगुएराले पेनाल्टीमा गोल गरे । पन्जाब एफसीका लागि राफेल मेसी, अर्शवीर सिंह र ऋषिकान्त मेइतेईले गोल गरे । मोहन बगानका गोलकिपर विशाल कैथले पेनाल्टी बचाए र टिमको जितमा महत्वपूर्ण भूमिका खेले ।भोलि हुने सेमिफाइनल खेलमा मोहन बगानले इस्ट बंगाल र नर्थइस्ट युनाइटेडबीचको विजेतासँग खेल्नेछ ।

**मौसम**

मौसम विभागले आगामी २-३ दिनसम्म कर्नाटक, केरला, माहे, तमिलनाडु र पुडुचेरीका तटीय र दक्षिणी भित्री क्षेत्रहरूमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। विभागले आन्ध्र प्रदेश, तेलंगाना, उत्तराखण्ड, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा आज मेघगर्जन र तेज हावा चल्ने सम्भावना रहेको बताएको छ। यसैबीच, कोंकण र गोवामा भोलि तातो र आर्द्र मौसम हुने सम्भावना छ।